Tasmanian
Electoral Commission

# २०२६ स्थानीय सरकार निर्वाचनका लागि हुलाकमार्फत मतदान सम्बन्धी मतदान निर्देशिका

## मतपत्रहरू कसरी भर्ने

## र फिर्ता पठाउने




५ अक्टोबरदेखि ९ अक्टोबर २०२६ को बीचमा, तपाईंले आफ्नो लेटरबक्समा यो खाम प्राप्त गर्नुहुनेछ।

तास्मानिया निर्वाचन आयोगबाट प्राप्त यो तपाईंको हुलाकमार्फत मतदान गर्ने मतपत्रको प्याकेट हो।

तपाईंको स्थानीय सरकार निर्वाचनमा तपाईंले मतदान गर्न यसलाई प्रयोग गर्नुहुनेछ।




तपाईंको हुलाकमार्फत मतदान गर्ने मतपत्रको प्याकेटमा निम्न सामग्रीहरू समावेश छन्:

१. मतपत्रहरू

२. उम्मेदवारहरूका भनाइहरू र मतदान गर्नको लागि निर्देशनहरू समावेश भएको पुस्तिका

३. मतपत्र राख्ने खाम

४. हुलाक शुल्क तिरिसकिएको फिर्ती खाम




प्रत्येक मतपत्रमा, आफ्नो रोजाइअनुसार बाकसहरूमा १ बाट सुरु गरी क्रमशः नम्बर लेख्नुहोस्।

तपाईंको मत मान्य हुनका लागि प्रत्येक मतपत्रमा कति वटा बाकसमा नम्बर लेख्नुपर्ने हो भन्ने जान्नको लागि उक्त मतपत्रमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्।




सबै मतपत्रहरू भरिसकेपछि, तिनीलाई मतपत्रको खामभित्र राखी खाम बन्द (सिल) गर्नुहोस्।




मतपत्रको खामको पछाडिको तोकिएको बाकसमा आफ्नो हस्ताक्षर गर्नुहोस्। हस्ताक्षर भएको नछुट्याई अवस्थामा राख्नुहोस्। हस्ताक्षर गरिएको फ्ल्याप (भाग) खामसँगै जोडिएको अवस्थामा नै राख्नुहोस्।

खाममा हस्ताक्षर नगरिएको वा फ्ल्याप हटाइएको अवस्थामा तपाईंको मत गणना गरिने छैन।




मतपत्र राखेको खामलाई हुलाक शुल्क तिरिसकिएको फिर्ती खामभित्र राखी राम्रोसँग बन्द (सिल) गर्नुहोस्।




आफ्नो हुलाक शुल्क तिरिसकिएको फिर्ती खाम सकेसम्म छिटो हुलाकमार्फत पठाउनुहोस्। यसका लागि तपाईंलाई हुलाक टिकट आवश्यक पर्दैन।

तपाईंको खाम मंगलबार, २७ अक्टोबरको दिउँसो २ बजेसम्म प्राप्त भइसकेको हुनुपर्छ। त्यसैले हुलाकबाट पठाउँदा पुग्न लाग्ने पर्याप्त समयलाई ध्यानमा राख्नुहोस्।




यदि तपाईंको हुलाक शुल्क तिरिसकिएको फिर्ती खाम हुलाकमार्फत पठाउन पर्याप्त समय छैन भने, तपाईंले यसलाई आफ्नो स्थानीय काउन्सिलको कार्यालयमा बुझाउन सक्नुहुन्छ।

यो २७ अक्टोबर मङ्गलबार दिउँसो २ बजेअघि उनीहरूकहाँ पुगिसकेको हुनुपर्छ।